एक

# नेपाल टेलिभिजनको नालीबेली

दुर्गानाथ शर्मा

बीसौँ शताब्दीले मानवजातिको जीवनमा ठूलो परिवर्तन ल्याइदियो । मानिसको सोचाइको ढङ्ग फेरियो, रहनसहनमा परिवर्तन आयो । स्वास्थ्य, शिक्षा, वातावरण, सामाजिक-आर्थिक परिवेशलगायतका हरेक क्षेत्रमा परिवर्तन देखियो । बीसौँ शताब्दीलाई कसै-कसैले 'हत्यारो शताब्दी' पनि भन्छन् । दुइटा ठूला विश्वयुद्ध त्यही शताब्दीमा भए । लाखौँ मानिस मरे, मारिए । प्राकृतिक प्रकोप पनि त्यही शताब्दीमा धेरै भयो । सम्पत्तिको ठूलो क्षति भयो । कैयौँ मानिस अपाङ्ग भए । संसारका धेरै देशमा गृहयुद्ध भयो । त्यसैले बीसौँ शताब्दीलाई 'हत्यारो शताब्दी' भनिएको होला । तर त्यही शताब्दीले मानव समाजलाई एउटा ठूलो 'उपहार' पनि दिएर गएको छ । सञ्चारप्रविधिको विकास नै त्यो 'उपहार' हो ।

प्रारम्भमा अमेरिकालाई एकतामा आबद्ध गर्न त्यहाँको रेलमार्ग र टेलिग्राफले जुन भूमिका निर्वाह गरेका थिए, अहिले भू-उपग्रह सञ्चारप्रविधिले त्यही भूमिका निर्वाह गर्दै छ । सन् १९६३ मा अमेरिकाका एक जना विद्वान् तथा चिन्तक मार्सल माक्लुहानले आमसञ्चारका माध्यमहरूले सञ्चारको गतिलाई अत्यन्त प्रभावकारी बनाइदिएकाले विश्वभरिका अनुभव र घटनाबारे समझदारी बढ्न गई सम्पूर्ण विश्व नै एउटा गाउँमा परिणत हुने भविष्यवाणी गरेका थिए । सञ्चारप्रविधिको

सञ्जालको विकासले उनको भविष्यवाणी पूरा भएको छ । आज संसारको कुनै पनि भागमा भएको घटना विश्वको कुनै कुनामा प्रत्यक्ष हेर्न सकिन्छ । हामीले घरमै बसेर कुवेत, इराक, अफगानिस्तान र इरानका घटना टेलिभिजनमा प्रत्यक्ष देख्न सक्ने भएका छौँ (शर्मा २०५४) ।

वैज्ञानिक इजाक एसिमोभको सञ्चार भू-उपग्रह (कोमस्याट) ले टेलिभिजनका वर्तमान च्यानलको क्षमतालाई लाखौँ गुना वृद्धि गर्नेछ भन्ने भविष्यवाणीलाई आजको डिजिटल प्रणालीले साकार पारेको छ । आज हाम्रा छानामा हिउँ बर्से जसरी सयौँ च्यानल आइरहेको पनि यही भू-उपग्रह प्रविधिकै विकासको परिणाम हो । हामीसित पैसा छ भने बजारमा प्रविधि उपलब्ध छ । त्यो प्रविधिको प्रयोग गरेर हामी कुनै पनि च्यानल हेर्न सक्छौँ ।

टेलिभिजन विश्वमा अहिले सञ्चारको सबैभन्दा प्रभावकारी एवं सशक्त सञ्चारमाध्यमका रूपमा साबित भइसकेको छ । टेलिभिजनका आविष्कारकहरूले टेलिभिजन प्रसारणले एक दिन यस प्रकारको व्यावसायिक, औद्योगिक र व्यापारिक स्वरूप ग्रहण गर्ला र यति लोकप्रिय माध्यमका रूपमा प्रकट होला भन्ने सोचेका पनि थिएनन् होला ।

रेडियो, टेलिभिजनजस्ता विद्युतीय सञ्चारमाध्यमको विकास र विस्तार युरोप र अमेरिकामै भएको हो, तर आज यसको प्रयोग र व्यापकता भने युरोप र अमेरिकामा मात्रै सीमित रहेन । अब आएर यसको सीमा तोक्न सकिने अवस्था छैन । हरेक मुलुकको आकाशमा आज सञ्चार भू-उपग्रहको घुइँचो लागेको छ । हजारौँ टेलिभिजन च्यानलले हाम्रो आकाश भरिएको छ ।

यसको आविष्कारपछि विकासको क्रमसँगै सन् १९७० सम्ममा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्पर्क स्थापना भई विश्वका ६० भन्दा बढी मुलुकका १ अर्ब मानिसले टेलिभिजन हेर्ने सुविधा पाइसकेका थिए । श्रव्यदृश्य दुवै सुविधा भएको यस्तो असाधारण प्रसारणबाट ती मुलुकका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा प्रभाव पर्न थालिसकेको थियो । यो प्रभाव क्रमशः विश्वव्यापी रूपमै बढ्न थाल्यो । यसले राष्ट्रिय चरित्रका साथै विभिन्न शक्तिबीचको अन्तर्राष्ट्रिय भूमिकामा समेत गम्भीर प्रभाव पार्न थाल्यो ।

वास्तवमा भन्ने हो भने टेलिभिजनले मानिसको जीवनशैलीलगायत उसको सामाजिक, आर्थिक तथा बौद्धिक परिवेशमै ठूलो परिवर्तन ल्याइदिन सक्छ । यसले विभिन्न मुलुकको राजनीतिक पद्धतिमै परिवर्तन र सुधार ल्याउन मद्दत गरेको छ । यस्ता राष्ट्रमा स्वतन्त्रता र लोकतन्त्रको स्थापनामा समेत यसले सकारात्मक

सहयोग पुऱ्याएको छ । नेपालमा भएको जनआन्दोलन र त्यसले ल्याएको परिवर्तनमा समेत प्रेस, टेलिभिजन एवं रेडियोको भूमिका महत्त्वपूर्ण रहेको छ ।

विश्वका धेरैजसो भागमा टेलिभिजनको प्रभावकारिताबाट प्रोत्साहित भएर धेरैजसो राष्ट्र यसको स्थापना र विस्तारमा लागिसकेका थिए । एसियामा चीन र जापानले पनि आ-आफ्नै शैलीका टेलिभिजन स्थापना गर्न लागिसकेका थिए, तर दक्षिण एसियाली राष्ट्रहरू भने पछि नै परेका थिए । भारतमै पनि टेलिभिजन ढिलै (सन् १९५९ मा) सुरु भएको हो । भारतले सन् १९८२ मा एसियाली खेलकुद आयोजना गर्ने अवसर पारेर दूरदर्शनलाई रङ्गीन टेलिभिजनका रूपमा परिणत गरेको हो । नेपालले रेडियो सुरु गरेको ३५ वर्षपछि सन् १९८५ मा टेलिभिजन प्रसारण सुरु गऱ्यो । बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का र मालदिभ्समा यसअघि नै टेलिभिजन प्रसारण सुरु भइसकेको थियो । भुटानले धेरै पछि मात्रै प्रसारण सुरु गऱ्यो र यो प्रसारण अझै भू-उपग्रह प्रणालीमा आबद्ध भइसकेको छैन । यस लेखमा नेपालमा टेलिभिजन प्रसारणको ऐतिहासिक पृष्ठभूमि र यसको विकासक्रमबारे चर्चा गरिएको छ । नेपाल टेलिभिजनलाई मात्रै यस लेखले समेटेको छ । प्रारम्भमा नेपालमा टेलिभिजन स्थापना कसरी भयो र यसबारे त्यस बेला के कस्ता बहस भएका थिए भन्ने सन्दर्भ समेटिएको छ । त्यसपछिको खण्डमा कार्यक्रम, प्रशासनिक र आर्थिक संरचना, र प्राविधिक पक्षका विकासक्रमबारे लेखाजोखा छ । लेखको अन्तमा निचोड पेश गरिएको छ ।

## नेपालमा टेलिभिजन

छैटौँ योजनामा आइपुग्दा सरकारले श्रव्यदृश्य दुवै सुविधा भएको सञ्चारको सशक्त माध्यम टेलिभिजनको आवश्यकता महसुस गरेर २०४१ माघ १७ मा 'नेपाल टेलिभिजन परियोजना' स्थापित गरेको हो । यसअघि वि.सं. २०३८ मा राष्ट्रिय पञ्चायतको अधिवेशनलाई सम्बोधन गर्ने क्रममा तत्कालीन राजा वीरेन्द्रले नेपालमा टेलिभिजनको सम्भाव्यता अध्ययन गर्न निर्देशन दिएका थिए । त्यसपछि फ्रान्सको सोफ्राटोभ कम्पनीले नेपालमा टेलिभिजन स्टेसन स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी सरकारलाई आफ्नो सुझाव प्रतिवेदन बुझाएको थियो, तर त्यो सुझाव सरकारी फाइलमै थन्कियो । पछि जापान सरकारका तर्फबाट त्यहाँको टेलिभिजन प्रसारण संस्था एनएचकेले नेपाल अधिराज्यमा टेलिभिजन प्रसारणको अध्ययन गरी ठूलै प्रतिवेदन दिएको थियो । त्यो पनि कार्यान्वयन भएन । जापानीहरू नेपालमा शैक्षिक टेलिभिजन स्थापना गराउन इच्छुक थिए । अहिलेजस्तो टेलिभिजन नेपालका लागि उपयोगी नहुने उनीहरूको धारणा थियो ।

नेपालमा टेलिभिजन स्थापनाको तयारी हुँदा राजधानीका सम्पन्न मानिसहरू भारतको दूरदर्शनका कार्यक्रम हेर्न थालिसकेका थिए। त्यसै पनि नेपाली समाजमा हिन्दी चलचित्रको प्रभाव छँदै थियो। यदि नेपालले आफ्नै भाषाको, आफ्नै सभ्यता, संस्कृति, दर्शन, धर्म र परम्पराअनुरूपको टेलिभिजन च्यानल सुरु नगर्ने हो भने भोलि हाम्रो समाजमा भारतीय भाषा, संस्कृति र जीवनशैलीको प्रभाव पर्ने आशङ्का गरिएको थियो। त्यसबाट सांस्कृतिक अतिक्रमण हुन सक्ने सम्भावनालाई दृष्टिगत गरेर नै सानै रूपमा भए पनि आफ्नै टेलिभिजन च्यानल स्थापना गर्नुपर्छ भन्ने भावनाले मान्यता पाएको हो।

नेपालजस्तो गरिब देशका लागि टेलिभिजन प्रसारण 'सेतो हात्ती' हुने तर्क पनि नआएको होइन। त्यस बेला केही विदेशी संस्थाहरू नेपालको यो प्रयासप्रति अचम्भित पनि भए। उनीहरूका विचारमा गरिब मुलुकमा टेलिभिजनजस्तो खर्चालु माध्यमको आवश्यकता थिएन। टेलिभिजनको औचित्यलाई लिएर औँलो ठड्याउनुको अर्को कारण पनि थियो। पश्चिमेली मुलुकमा टेलिभिजनलाई आर्थिक सम्पन्नताको एउटा मापक मानिन्छ भने समाजमा विकृति फैलिनुको एउटा कारक पनि। टेलिभिजन च्यानलको स्थापनाबाट सूचना, ज्ञान र सञ्चारको विकासमा ठूलो सहयोग पुगेको छ। तर पनि बेला-बेलामा यिनबाट प्रसारण हुने कार्यक्रममा पाइने हिंसा र यौनको नाङ्गो प्रचारले भने समाजमा उच्छृङ्खलता ल्याउने गरेको गुनासो पनि सुनिने गरिन्छ। यस्ता कार्यक्रममा व्यापारिक फाइदालाई प्राथमिकता दिइने र खास गरी सस्तो मनोरञ्जनका कार्यक्रम प्रसार गर्नाले यसबाट युवा पुस्ता र अन्य मुलुकको संस्कृतिमा प्रतिकूल प्रभाव पर्न जाने सङ्केत पाइएको छ। अहिले हाम्रो आकाशमा विदेशी सञ्चारमाध्यमहरू जति स्वतन्त्र रूपमा विचरण गरिरहेका छन् तिनका अनियमित र अनियन्त्रित प्रसारणबाट हाम्रो समाज, संस्कृति, कला, धर्म, राष्ट्रिय स्वतन्त्रता र अखण्डतामाथि पनि प्रतिकूल प्रभाव परिरहेको छ। विज्ञान र प्रविधिलाई उचित काममा प्रयोग गर्न सकेमा नै त्यसबाट मानवकल्याण हुन सक्छ, तर त्यसको दुरुपयोग हुन गयो भने त्यसले समाजमा नकारात्मक प्रभाव पनि पार्न सक्छ। पत्रकार गोकुल पोखरेल (२०६१ : ७) ले *टेलिपत्रिका*मा लेखेका छन् :

> एक अमेरिकी संस्थाको अध्ययनबाट किशोर-किशोरीबीच कम उमेरमै यौनसम्पर्क गर्न प्रेरित गर्ने कारक तत्त्वमा त्यस्ता व्यक्तिले कति लामो समयसम्म टेलिभिजन कार्यक्रम हेर्छन् भन्ने कुरासित गाँसिएको जनाइएको छ। नेपालमा टेलिभिजन भित्रिने समयमा यसका लाभ-हानिलाई लिएर तर्कवितर्क हुनु स्वाभाविकै हो। यो विवाद अहिले पनि

छँदैछ । तर टेलिभिजनजस्तो अत्याधुनिक र प्रभावकारी माध्यमप्रतिको आकर्षणले के नीतिनिर्माता, के सामान्य दर्शक, सबैको मन जितेको चाहिँ एउटा यथार्थ भएको छ ।

विशेष गरी हाम्रो जस्तो विकासोन्मुख मुलुक जहाँ जनचेतनाको स्तर धेरै तल छ, त्यहाँ सूचनाको भूमिका अपरिहार्य हुन्छ । हाम्रो आर्थिक-सामाजिक संरचनामा परिवर्तन ल्याउन हाम्रो सोचाइमा पनि परिवर्तन आउनु आवश्यक हुन्छ, हाम्रो चेतनाको स्तर उकास्नु अनिवार्य हुन्छ । हाम्रो जस्तो गाउँ नै गाउँ भएको मुलुकमा शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक हरेक दृष्टिबाट समाजको ठूलो भाग पछाडि परेको छ । दुर्गम, अनकन्टार र पहाडी इलाकाको बाहुल्य भएको देशमा आमसञ्चारका साधन सुलभ नहुनाले एउटा गाउँ मुलुकको अर्को गाउँभन्दा टाढा पर्छ । आधुनिक विश्वमा आमसञ्चारका माध्यमहरूमा नयाँ-नयाँ प्रविधिको विकास भएको छ ।

नेपाल टेलिभिजन स्थापना गर्ने निर्णय भएपछि राजधानीको बौद्धिक समुदायमा नेपालमा टेलिभिजनको आवश्यकता र औचित्यबारे बहस सुरु भयो । आम रूपमा सञ्चारमाध्यमको अत्यन्त प्रभावकारी साधन टेलिभिजन नेपालमा प्रवेश गर्दै गर्दा यसको उपयोगिताबारे दुई मत देखा परेका थिए । एक थरी यो एउटा महँगो प्रविधि भएको हुनाले हाम्रो जस्तो देशमा यसको औचित्य छैन भन्नेहरू थिए । यसले धनी र गरिबका बीचको खाल्डो अरू बढाउँछ भन्ने उनीहरूको तर्क थियो । अर्का थरी टेलिभिजन ज्ञान र मनोरञ्जनको स्रोत हो, सूचनाको भरपर्दो माध्यम हो र यो आवश्यक छ भन्ने तर्क गर्थे । शैक्षिक विकास गर्नलाई र नेपाली प्रकृति एवं संस्कृतिलाई प्रवर्द्धन गरी विश्वमा प्रचारप्रसार गर्नलाई टेलिभिजन अत्यावश्यक छ भन्ने धारणा उनीहरूको थियो ।

नेपालमा टेलिभिजनको सेवा सुरु भएको पहिलो वार्षिकोत्सवको भोलिपल्ट राजधानीबाट छापिने दैनिक अखबार *नेपाल टाइम्स*ले आफ्नो सम्पादकीयमा बहुसङ्ख्यक गरिब जनता भएको मुलुकमा टेलिभिजन विलासिताको वस्तु हो र आवश्यक छैन भन्ने तर्क गरेको छ । उक्त सम्पादकीयमा लेखिएको छ :

> बहुसङ्ख्यक गरिब जनता भएको देशमा टेलिभिजनको कत्तिको महत्त्व छ भन्ने कुरा बुझ्न सकिने कुरा हो । आफ्नो एउटा सानो झोपडीको निर्माण र त्यसको सम्भार गर्न नसक्ने शक्तिहीन जनताका लागि टेलिभिजन एउटा विलासिताको वस्तु बनेकोमा मतान्तर होला जस्तो लाग्दैन । दैनिक जीवनको न्यूनतम आवश्यकताहरूको परिपूर्ति हुन नसकेको मुलुकमा टेलिभिजनको युग एक चरम विलासिताको द्योतक हो । टेलिभिजन

> युगलाई नेपाली जनजीवनमा भिजाउन अझै हामीले कडा मिहिनेतका साथ कार्य गर्नुपरेको छ। अन्यथा पश्चिमी मुलुकको क्रियाकलापको नक्कल गरी उही रूप यस ऋणी गरिब नेपालमा प्रयोग भएकोमा यो लादिएको हुन जान्छ। आज एक टुकी मट्टितेल र एक मुठी नुनको खाँचो टार्न छटपटीका साथ जीवनयापन गरिरहेका नेपालीहरूका लागि यस्तो प्रविधि अनुकूल भएको छैन (श्रेष्ठ २०४४ : ९-१० मा उद्धृत)।

त्यसै बेला (२०४२ माघ १४) को *दैनिक नयाँ समाज*मा भने देश विकासमा टेलिभिजनको प्रमुख भूमिका हुने तर्क गर्दै यसको पक्षमा एक लेख प्रकाशित गरिएको छ। लेखमा भनिएको छ :

> हाम्रो जस्तो अल्पविकसित देशमा टिभीको आवश्यकता नरहेको कुरा कसै-कसैको मुखबाट नसुनिएको होइन। यस्ता व्यक्तिले टेलिभिजनको उपयोगिताबारे बुझ्नु अति नै आवश्यक छ। आज टेलिभिजनलाई शैक्षिक जगत्को आवश्यक वस्तुका रूपमा हेर्न थालिएको छ। हाम्रो देश प्रकृति र संस्कृतिको धनी छ जसलाई जगेर्ना गरी हाम्रो संस्कृतिसँग विश्वलाई परिचित गराउनुपरेको छ (श्रेष्ठ २०४४ : १७ मा उद्धृत)।

२०४२ पुस २७ को *दी मदरल्यान्ड*ले आफ्नो सम्पादकीयमा टेलिभिजन कार्यक्रमको प्रारम्भ गरेर नेपाल आधुनिक युगमा प्रवेश गरेको उल्लेख गरेको छ (श्रेष्ठ २०४४ मा उद्धृत)। नेपाल टेलिभिजनले सुरुचिपूर्ण, विकासमूलक, सूचनाप्रधान र मनोरञ्जक सामग्री दिनुपर्ने आग्रह पनि यस सम्पादकीयमा छ। बहुसङ्ख्यक जनता गरिबीको रेखामुनि भएको देशमा टेलिभिजन विलासिताको वस्तु हो भन्ने स्वीकारे पनि यो सेवा सुरु नगर्दैमा मात्रै पनि गरिबी हट्ने होइन भन्ने तर्क यस सम्पादकीयले गरेको छ।

यसरी नेपाल टेलिभिजनको स्थापनाकालमा यसको औचित्यलाई लिएर उठेको विवादमा विभिन्न पत्रपत्रिकाले आफ्ना राय व्यक्त गरेका थिए। ती अभिव्यक्तिमा टेलिभिजन सेवाको थालनीले एउटा नयाँ युगमा मुलुक प्रवेश गर्दैछ भन्ने विचारको बाहुल्य देखिन्छ। नेपालमा टेलिभिजनको आवश्यकता छैन भन्नेहरूको एकमात्र तर्क मुलुक गरिब छ र यो प्रविधि महँगो भएकाले आमजनताको पहुँचभन्दा बाहिर रहला कि भन्ने नै शङ्का रहेको पाइन्छ।

परियोजनाको पहिलो वर्ष वास्तवमा तयारीमै बित्यो। टेलिभिजनसम्बन्धी प्राविधिक जानकारी राख्नेहरूको ठूलो अभाव थियो। आवश्यक न्यूनतम साधन केही थिएन। प्रविधिको ज्ञान पनि यथेष्ट थिएन। प्राथमिक दक्ष जनशक्ति आफैँले

उत्पादन गर्नुपर्ने अवस्था थियो । बिना कुनै ठोस पूर्वाधार खडा भएको नेपाल टेलिभिजन छ महिनाभित्रै पहिलो परीक्षण प्रसारण गर्न सफल भयो ।

एक त परियोजनासँग आर्थिक अभाव थियो । तत्कालीन सरकारले एक जना नीर शाहलाई पत्याएकै थिएन र बजेट दिएको थिएन । फाइल लिएर योजना आयोग, सञ्चार मन्त्रालय र अर्थ मन्त्रालय धाउँदा त्यहाँका अधिकारीहरू "तपाईंले कसरी यत्रो ठूलो प्रविधि ल्याएर नेपालमा प्रसारण गर्न सक्नुहुन्छ ?" भनेर पत्याउँदैनथे र फाइल नै फ्याँकिदिन्थे । तर नीर शाहको साहस र हामी केहीको मिहिनेत र नयाँ जोस-जाँगर भएको युवा जमातकै अठोटका कारण ब्याङ्कबाट ९० लाख रुपियाँ ऋण लिएर भए पनि केही त गरेर देखाउनैपर्‍यो भनेर तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्यबाट हुन लागेको अस्ट्रेलियाको राजकीय भ्रमणको समाचार भू-उपग्रहमार्फत पठाउने र काठमाडौँमा सार्वजनिक स्थलमा 'सामुदायिक केन्द्र' स्थापना गरेर प्रदर्शन गर्ने साहसिलो अठोट गरियो ।

राजकीय भ्रमणको समाचार अस्ट्रेलियाबाट भू-उपग्रहमार्फत बलम्बूमा नेपाल दूरसञ्चारको 'अर्थ स्टेसन' मा रेकर्ड गराएर प्रदर्शन गर्ने निधो त भयो, तर परियोजनासँग क्यामेरा र उपकरण थिएन । नीर शाहले आफू क्यामेरा किन्न हङकङ जाने र क्यामेरा लिएर अस्ट्रेलिया आउने, म र क्यामेरापर्सन श्याम चित्रकार ब्याङ्कक गएर अस्ट्रेलियाको भिसा प्राप्त गरी सिड्नी जाने र एउटा कार्यक्रम तयार गर्ने योजना बनाएर हामी यो अभियानमा जुट्यौँ । त्यस बेला राजदरबारले समेत नपत्याएर टेलिभिजनका प्रतिनिधिलाई राजकीय भ्रमणमा जानेहरूको सूचीमा समावेश नगरेकाले भिसा लिन ब्याङ्कक जानुपरेको थियो । अरूको भिसा परराष्ट्र मन्त्रालयले व्यवस्था गरेको थियो । राजारानी बसेकै महँगो होटलमा हामी तीन जना पनि बस्यौँ ।

तर दुर्भाग्य नै भनौँ, हङकङमा किनेको क्यामेरा एयर इन्डियाले बाटैमा हराइदिएछ । नीर शाह रित्तो हात क्यानबेरा आउनुभयो । यस्तो सङ्कटमा के गर्ने ? अस्ट्रेलियन प्रसारण संस्था (एबीसी) सित क्यामेरा भाडामा माग्दा भाडामा क्यामेरा दिने चलनै छैन भनियो । तर एउटा पसलबाट भाडामा क्यामेरा लिएर काम चलाइयो र पहिलो पल्ट नेपाल टेलिभिजन परियोजनाले विदेशबाट समाचार भू-उपग्रहमार्फत पठाएर राजधानीमा सफलतापूर्वक प्रसारण गर्‍यो । त्यसपछि भने सबैले पत्याउन थाले– गरे जे पनि हुँदो रहेछ । यस्ता अप्ठ्यारा र सङ्कट पार गर्दै सामान्य भिडियो क्यामेरा र डेकबाट सम्पादन गर्ने कमजोर प्रविधिबाटै भए पनि नेपालमा टेलिभिजन प्रसारण सुरु भयो । नेपाल टेलिभिजन परियोजना स्थापना भएर लाजिम्पाटबाट यसले परीक्षण कार्यक्रम प्रसारण गर्न थालेदेखि नै

काठमाडौँका घर-घरमा टेलिभिजन किन्ने र घर-घरका छानामा एन्टेना राख्ने होडबाजी नै चलेको थियो ।

परियोजनाका रूपमा एक वर्ष काम गरिसकेपछि सञ्चार संस्थान ऐन, २०२८ अन्तर्गत २०४२ पुस १२ मा नेपाल टेलिभिजन संस्थानमा परिणत भयो । नेपाल टेलिभिजनको स्थापनाको मुख्य उद्देश्य राष्ट्रिय एकता, अखण्डता र सांस्कृतिक सम्पदाको संरक्षण र राष्ट्रिय हितको विकास गर्नका निम्ति शैक्षिक, धार्मिक, सांस्कृतिक संरक्षणसम्बन्धी कार्यक्रम निर्माण गर्नु र प्रसार गराउनु थियो ।

प्रारम्भमा नेपाल टेलिभिजनको नीतिमा आत्मनिर्भरता हासिल गर्न सचेत रहने, टेलिभिजन सेवाको स्तर बढाउन संस्थानको कार्यसञ्चालनमा सुधार ल्याउने, संस्थानको व्यावसायिक कार्यक्रम प्रदर्शन गर्ने, नेपालका सबै ठाउँमा टेलिभिजन कार्यक्रमको प्रसारण पुऱ्याउन आवश्यक व्यवस्था मिलाउने र सरकारबाट प्राप्त निर्देशनको अधीनमा रही संस्थानको नीति निर्धारण गर्ने तथा त्यसको कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने भनिएको थियो ।

नेपाल टेलिभिजनलाई नेपाली शब्दमा रूपान्तरण गरेर आफ्नै मौलिक नाउँ राख्ने प्रसङ्ग पनि त्यस बेला उठेको हो । त्यस बेला नेपाली भाषा र साहित्यका लेखक-कविहरूसित पनि 'टेलिभिजन' का लागि एउटा नेपाली नामको सुझाव दिन आग्रह गरिएको हो । धेरैजसोबाट टेलिभिजनलाई नेपालीमा रूपान्तरण गर्ने हो भने 'दूरदर्शन' हुन्छ भन्ने राय आएको थियो । तर छिमेकी भारतले यसअघि नै आफ्नो टेलिभिजनको नाउँ दूरदर्शन राखिसकेकाले त्यसैको नक्कल गर्न उचित ठानिएन, बरु चलनचल्तीकै रूपमा टेलिभिजन नै राख्ने सहमति भएर नेपाल टेलिभिजन नाम रहन गएको हो । रेडियो शब्द अङ्ग्रेजी भए पनि 'रेडियो नेपाल' नेपाली जनमानसमा भिजिसकेकाले टेलिभिजनलाई पनि त्यसै गर्ने निर्णय भएको हो ।

## कार्यक्रम

नेपाल टेलिभिजन छोटो समयको तयारी र अत्यन्तै सीमित स्रोत, साधन र कम आर्थिक आधारमा स्थापित भएको हो । यद्यपि तत्कालीन व्यवस्थापनको दृढ अठोट, कार्यक्रम निर्माता एवं युवा कर्मचारीहरूको उत्साह अनि दिनहुँजसो बढ्दै गइरहेका दर्शकहरूको माया र सहानुभूति एवं सुझावका कारण आफ्नो भौतिक संरचनाको निर्माण गर्दै कार्यक्रमहरूमा पनि विविधता ल्याउन सफल हुँदै गयो । त्यस बेला देशका पत्रपत्रिकाले नेपाल टेलिभिजनका कतिपय कार्यक्रमको प्रशंसा गरेका छन् भने त्रुटिहरू पनि औँल्याइदिएका छन् ।

पत्रपत्रिकाका टिप्पणीहरूको सारांश थियो– नेपाल टिभीको स्थिति पनि नयाँ शिक्षापद्धतिझैँ 'हात्ती आयो, हात्ती आयो फुस्सा' हुन नदिन दूरदर्शी सोचाइ राख्नु आवश्यक छ । टिभी प्रसारणका प्राविधिक त्रुटिहरूको निराकरणमा चाँडो ध्यान दिनु आवश्यक छ । नेपालका सबै भाषालाई स्थान दिनुपर्छ । स्वदेशी कार्यक्रमको प्रचुरता हुनुपर्छ; जस्तै– स्वास्थ्य, खेलकुद, स्थान परिचय, ग्रामीण जीवन, आदि । टिभी सेट सरकारले सस्तोमा उपलब्ध गराएर ग्रामीण क्षेत्रतिर पनि विस्तार गर्नुपर्छ ।

ग्रामीण क्षेत्रमा प्रसारण पुऱ्याउन सन् १९८७ मा काठमाडौँमा भएको सार्कको तेस्रो शिखर सम्मेलनमा दक्षिण कोरियाबाट उपहारस्वरूप प्राप्त ६०० टेलिभिजन सेट (रङ्गीन) गाउँ-गाउँमा सामुदायिक केन्द्र स्थापना गरी वितरण पनि गरियो । तर तत्कालीन केही प्रधानपञ्चहरूले ती सेट सामुदायिक स्थानमा राखेर जनतालाई देखाउनुपर्नेमा आफ्नै घरको कोठामा राखेर हिन्दी चलचित्र हेर्ने गरेर त्यसको दुरुपयोग गरे । जनताले हेर्न पाएनन् । ती सेट सबै फिर्ता लिइयो, तर मन्त्रीहरू र ठूलाठालूका घरमा पुगे ती सेट । तिनको कुनै उपयोगिता भएन ।

नेपाल टेलिभिजन आफ्ना गतिविधि र कार्यक्रमका बारेमा प्राप्त टिप्पणी र प्रतिक्रियामा ध्यान दिँदै आफ्ना कमजोरी र त्रुटि सकेसम्म सुधार गर्दै अगाडि बढ्दै गयो । पत्रपत्रिकाले उठाएका केही टिप्पणीबारे यहाँ चर्चा गर्नु सान्दर्भिक होला ।[1] २०४३ वैशाख १८ मा *नयाँ समाज* दैनिकले लेखेको छ :

> लाखौँ र करोडौँको हिसाबमा चल्ने नेपाल टेलिभिजनले नेपाली कार्यक्रमहरू त्यति छोटो समयका लागि पनि तयार गर्न सकेको छैन भने तयार गरेर देखाइएका कतिपय कार्यक्रम पनि सस्ता हिन्दी फिल्महरूले झैँ खास गरी बाल, किशोर र युवावर्गलाई विकृति र कुमार्गतर्फ आकर्षित गर्ने बाटो भएका छन् ।

एकातिर यस्तो आलोचना गरिएको छ भने वैशाख २० को साप्ताहिक *आरती* लेख्छ :

> भर्खरै सुरु भएको टिभीले दुई घण्टा लामो र नियमित कार्यक्रम प्रसारण गर्नुलाई कम महत्त्वको भन्न मिल्दैन । टेलिभिजन कार्यक्रमको आलोचना गर्दै राखिएका नकारात्मक दृष्टिकोणका सम्बन्धमा, लेखमा, स्रोत, साधन र दक्ष जनशक्तिको अभावमा देखा परेका

---

[1] यहाँ उल्लेख भएका पत्रपत्रिकाका सामग्री श्रेष्ठ (२०४४) बाट साभार उद्धृत गरिएको हो ।

कमीहरूबाट हतोत्साही हुनुहुन्न, अभाव हट्दै जाँदा स्तरीयता बढ्दै जाने विश्वास गर्न सकिन्छ ।

टेलिभिजनमा कार्यक्रम प्रस्तोताहरूले लगाएका पोसाकको चर्चा गर्दै *नयाँ नेपाल* दैनिकले आफ्नो सम्पादकीयमा लेखेको छ– "विदेशी विलासिताका सामग्रीहरू प्रयोग गर्ने प्रवृत्तिलाई प्रोत्साहित गर्ने सिँगारको साटो उद्घोषिकाहरूले देशको आर्थिक स्तर सुहाउँदो गरी नेपाली समाजमा सामान्य रूपमा प्रचलित स्तरको पोसाक लगाउने सुझाव छ ।" *देशान्तर* साप्ताहिकले 'एन्टेना' स्तम्भमा राम्रा लेखकहरूका नाटक, कथा र उपन्यासलाई लिएर चलचित्र बनाए स्तर वृद्धि हुन सक्ने भएकाले नेपाल टिभीले प्रस्तुत गर्ने टेलिफिल्मको शैली र प्रविधिमा सचेततापूर्वक परिमार्जन गर्ने सुझाव दिइएको छ ।

२०४३ साल (सन् १९८६ नोभेम्बर ११–१८) मा भारतको बेङलोरमा भएको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को दोस्रो शिखर सम्मेलनको कार्यक्रम प्रत्यक्ष प्रसारण गरेर नेपाल टेलिभिजनले अन्तर्राष्ट्रिय स्तरको पहिलो कार्यक्रम प्रसारण गर्ने सफलता पाएको हो ।

२०४६ सालको ऐतिहासिक राजनीतिक परिवर्तनपछि आएको प्रजातान्त्रिक वातावरणमा नेपाल टेलिभिजनको दायित्व अरू बढ्दै जानु स्वाभाविकै थियो । तदनुरूप नयाँ परिस्थितिमा स्वाभाविक रूपले वृद्धि भएको जनआकाङ्क्षालाई समेट्दै कार्यक्रमहरूको उत्पादन र प्रसारण गर्नुपर्ने दायित्वलाई नेपाल टेलिभिजनले सहज रूपमा स्वीकार गरेको हो । २०४८ सालदेखि सिंहदरबारमा आफ्नै स्टुडियो भवन निर्माण भएपछि कार्यक्रम उत्पादन र प्रसारण सरल हुँदै गयो । सरकारले वार्षिक रूपमा नेपाल टेलिभिजनका नाममा छुट्ट्याउँदै आएको न्यूनतम आर्थिक स्रोतलाई उपयोग गर्दै र आफ्नै प्रयासबाट समेत आय आर्जन गर्दै क्रमशः बढ्दै गएको दर्शकहरूको चाहना परिपूर्ति गर्ने प्रयास गरेको हो ।

नेपाल टेलिभिजन समयका खुड्किला जति-जति चढ्दै आएको छ त्यति-त्यति नै दर्शकको अपेक्षा बढ्दै जानु अस्वाभाविक पनि होइन । नेपाल टेलिभिजनले जति आफ्नो प्रसारण क्षेत्र विस्तार गर्दै लगेको छ त्यति-त्यति नै यसले देशका हरेक वर्ग, समुदाय, भाषा र संस्कृतिका भिन्न-भिन्न सामाजिक र सांस्कृतिक क्रियाशीलतालाई राष्ट्रिय प्रसारणको क्षेत्रभित्र समेट्ने प्रयत्न गर्नुपर्ने दायित्व छ । अर्कातिर आमजनतामा शिक्षा, स्वास्थ्यलगायत विकासका आधारभूत आवश्यकताहरूबारे अभिरुचि जगाउँदै राष्ट्रिय जनचेतना अभिवृद्धि गराउन आमसञ्चारको एक प्रभावकारी माध्यमका हैसियतबाट सकेसम्म योगदान पुऱ्याउँदै

जानुपर्ने दायित्व पनि छ । मन्त्री र सांसदहरू अनि उच्चपदस्थ कर्मचारीका आफ्ना मान्छेका टेलिशृङ्खला बनाइदिने 'तोक आदेश' भने कार्यक्रमको स्तरवृद्धिमा तगारा नै बन्थे । कामै नलाग्ने सामग्री पनि 'निर्माण गरिदिनू' भन्ने मन्त्रीको तोकले संस्थानका अधिकारीलाई निराश पनि बनाउँथ्यो । राजनीतिक दलकै कार्यकर्तासमेत कार्यक्रम चलाउन आए जसलाई कार्यक्रमको निर्माणप्रक्रियाबारे सामान्य ज्ञान पनि थिएन ।

नेपाल टेलिभिजनले एकातिर ठूला सहरी क्षेत्रका सीमित, सम्पन्न र सोखिन दर्शकको रुचिलाई पनि ध्यानमा राख्नुपर्छ भने देशका अधिकांश ग्रामीण भेगमा बस्ने विपन्न नेपालीहरूको रुचि, चाहना र अव्यक्त आशालाई समेट्दै त्यसै प्रकारका कार्यक्रमहरूको निर्माण पनि गर्नुपर्छ । नेपाल टेलिभिजनले प्रस्तुत गर्ने कुनै कार्यक्रममा चन्द्रमालाई देवताका रूपमा प्रस्तुत गर्नुपर्छ भने अर्को कार्यक्रममा "चन्द्रमा देवता होइन, त्यो त एउटा उपग्रह हो । त्यहाँ हामीजस्तै मानिस पुगेर अहिले बस्ती बसाउने तरखरमा छन्" भनेर जानकारी दिनुपर्ने अवस्था पनि हुन्थ्यो । यसरी देशका विविध पक्षहरूमा दायित्वबोध गर्दै कार्यक्रम उत्पादन गर्नुपर्ने नेपाल टेलिभिजनले अन्य व्यापारिक विदेशी च्यानलसँग प्रतिस्पर्धा गर्न नसक्नुलाई अस्वाभाविक मान्न सकिँदैन । यद्यपि अहिले पनि नेपाल टेलिभिजनका समाचारलगायत अन्य कार्यक्रमको निर्माण र प्रस्तुतिमा परिमार्जनको पर्याप्त खाँचो छ । न्यूनतम साधन, स्रोत र जनशक्तिको सहयोगमा सीमित समयमा उत्पादन गर्नुपर्ने अधिकांश कार्यक्रमहरूको प्रस्तुतिले गुणात्मक कार्यक्रमका पारखी दर्शकहरूको कार्यक्रम हेर्ने धैर्यको बाँध फुट्नु अस्वाभाविक पनि होइन ।

नेपाल टेलिभिजनले सुरुदेखि नै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्त्वका समाचारमूलक, मनोरञ्जनात्मक, खेलकुद एवं अन्य आकस्मिक घटना र समारोहसँग सम्बन्धित कार्यक्रमहरूलाई समेट्दै आएको छ । विश्वकप फुटबल प्रतियोगिता, ओलम्पिक खेल तथा एसियाली खेलकुदका कार्यक्रमलाई निरन्तर प्रत्यक्ष प्रसारणद्वारा नेपालका घरमा पुऱ्याएर खेलकुदको विकासका साथै खेलप्रति सर्वसाधारणको अभिरुचि जगाउने काम पनि भएको छ ।

सार्कका सबैजसो शिखर सम्मेलन, विगतका आमनिर्वाचनका परिणाम, पर्यटन वर्ष महोत्सव, राष्ट्रिय व्यक्तित्व स्व. गणेशमान सिंह र भूतपूर्व प्रधानमन्त्री स्व. मनमोहन अधिकारीका श्रद्धाञ्जली-यात्रालगायत कतिपय साङ्गीतिक साँझको प्रत्यक्ष प्रसारण तथा संसद्का गतिविधिको प्रत्यक्ष प्रसारणसमेत गरेर नेपाल टेलिभिजनले दर्शकसमक्ष पुऱ्याउने काम गरी नै रहेको छ ।

अहिले यसले जे-जति र जे-जस्ता कार्यक्रमहरू उत्पादन र प्रसारण गरिरहेको छ त्यो निश्चय पनि पर्याप्त छैन । तर यसका कार्यक्रमले बालबालिका, युवा, महिला र पिछडिएका जनजातिलगायत सबैका धर्म, लोकसंस्कृति र साङ्गीतिक पक्षलाई दर्शकसमक्ष पुऱ्याउन भने योगदान गरेकै छन् भन्दा अत्युक्ति नहोला । यसले नेपालीलाई एक छेउदेखि अर्को छेउमा, एउटा नेपालीको मन र भावनालाई अर्को नेपालीको मन र भावनासम्म पुऱ्याउन र परिचित गराउन अझै धेरै काम गर्न बाँकी नै छ ।

साङ्गीतिक क्षेत्रको विकासमा पनि नारायणगोपाल, अरुणा लामा, फत्तेमान, प्रेमध्वजस्ता गायकको 'एकल गायन' प्रत्यक्ष प्रसारण गरेर नेपाल टेलिभिजनले उत्तिकै योगदान दिएको छ । युवाहरूका लागि पप सङ्गीत छन् भने विभिन्न जनजातिका लोकगीतका कार्यक्रम पनि यसमा छन् । नेपालमा दोहोरी गीतलाई लोकप्रिय बनाउने काम नेपाल टेलिभिजनले नै गरेको हो भन्दा फरक पर्दैन ।

### ***समाचार***

नेपाल टेलिभिजनले सरकारी सञ्चारमाध्यमका नाताले सरकारी औपचारिक कार्यक्रम र मन्त्रीका भाषणमा आफूलाई केन्द्रित गरेको पाइन्छ । यद्यपि राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका घटनालाई पनि यसले छाडेको हुँदैन । नेपालमा राजनीतिक परिवर्तनसँगै पटक-पटक सरकार फेरिने क्रममा सञ्चारमन्त्री पनि फेरिनु स्वाभाविकै हो । काङ्ग्रेसका मन्त्री आए सरकारी सञ्चारमाध्यममा काङ्ग्रेसीकरण हुन्छ, एमाले आएमा एमालेकरण र माओवादी आएमा माओवादीकरण हुने रोगले भने नेपालका सरकारी सञ्चारमाध्यम कहिल्यै मुक्त भएनन् । यसै सन्दर्भमा नेपाल टेलिभिजनको समाचार महाशाखाका निर्देशक राजेन्द्रदेव आचार्य (२०६१ : १४) लेख्छन् :

> जसरी राष्ट्रको स्वभाव त्यहाँको राजनीतिक स्वभावले निर्धारण गर्छ त्यसरी नै कुनै देशको समाचारको सम्प्रेषण पनि त्यहाँको राजनीतिक स्वभावका घटनाक्रमको इतिवृत्तमा अवान्तरित हुन्छ । यसैअनुरूप नेपाल टेलिभिजनको समाचारको स्वाद र स्वभाव पनि राजनीतिक घटनाक्रमको गति र सिलसिलामा घुलमिल हुँदै आएको छ ।

सुरुमा दुईदेखि चार घण्टासम्मको कार्यक्रम प्रसारण हुँदा दुई ओटा समाचार बुलेटिन हुन्थे । त्यसमा सामयिक घटनाक्रमको *समाचार वृत्तचित्र* पनि हुन्थ्यो । अन्तर्राष्ट्रिय समाचार र अन्य रोचक कार्यक्रमको सँगालो *विश्वघटना* धेरै वर्ष

चल्यो र लोकप्रिय पनि भयो । अहिले हरेक घण्टा कुनै न कुनै रूपमा नेपाल टेलिभिजनले समाचार प्रसारण गर्ने गरेकाले दर्शकले बासी समाचार हेर्नुपर्दैन । सुरुमा मन्त्रीले भाषण गरेनन् भने समाचारको स्रोत नै नपाउने टेलिभिजनमा अहिले समाचारको व्यापकता बढेको छ । नेपाल टेलिभिजनले पनि उपत्यकालगायत ६० भन्दा बढी जिल्लामा आफ्ना संवाददाता राखेर समाचार दिने प्रयत्न गरेको छ । राष्ट्रिय समाचार समितिको समाचार बुलेटिन पनि यसको समाचारको स्रोत हो । समाचार महाशाखालाई स्वतन्त्र भनिए पनि मन्त्री, सांसदलगायत मन्त्रालय र संस्थानकै उच्च अधिकारीको हस्तक्षेपबाट भने यो मुक्त छैन । कुनै मन्त्री जिल्लामा आफ्नो घर जाँदा नेपाल टेलिभिजनले एउटा टोली नै खटाउने र समाचारीय महत्त्व नभएको मन्त्रीको समाचार पनि दिनैपर्ने बाध्यता छ । यसको अन्तर्राष्ट्रिय समाचारका स्रोत खास गरी एसिया भिजन र एसोसिएटेड प्रेस टिभी न्यूज नै हुन् । सुरुका दिनमा र धेरै पछिसम्म सिएनएन पनि यसको समाचारस्रोत थियो ।

समाचार महाशाखामा समाचार निर्देशक (१० तह) को नेतृत्वमा उपनिर्देशक, समाचार सम्पादक, रिपोर्टर र समाचारवाचकसहित अधिराज्यका संवाददाता हुन्छन् । यो महाशाखाअन्तर्गत एउटा प्राविधिक शाखा हुन्छ जसमा क्यामेरापर्सन, दृश्य सम्पादक र अन्य प्राविधिक रहेका हुन्छन् । यदि सरकारी र अन्य हस्तक्षेप नहुने हो भने समाचार महाशाखामा लामो समयदेखि कार्यरत पत्रकारहरूले स्तरीय बुलेटिन निकाल्न सक्छन् । राजनीतिक परिवर्तनसँगै समसामयिक कार्यक्रम सञ्चालन गर्ने व्यक्ति बाहिरबाट ल्याउने र ती राजनीतिक दलमा हुने हुँदा उनीहरू मन्त्रीप्रति उत्तरदायी हुने गर्छन् र निष्पक्ष हुन सक्दैनन् । प्रसारणको विधि र पत्रकारिता नै नजानेकाहरूलाई यस्तो कार्यक्रम दिनुभन्दा समाचारकै योग्य र सक्षम व्यक्तिलाई सञ्चालन गर्न दिँदा व्यावसायिक पनि हुन्छ र आर्थिक रूपमा पनि संस्थानलाई फाइदै हुन्छ ।

नेपाल टेलिभिजनको समाचार सम्पादनमा सरकारको हस्तक्षेप हुने गरेको छ । जुन दलको सरकार आउँछ उसैको निर्देशनमा सम्पादकहरूले काम गर्नुपर्ने हुन्छ । त्यहाँका पत्रकार स्वतन्त्र छैनन्, व्यावसायिक भएर पनि व्यवसायी हुन सकेका छैनन् । २०६२/६३ को दोस्रो जनक्रान्ति हुनुअघि देशमा गणतन्त्रको ठूलो चर्चा भयो । अरू सबै सञ्चारमाध्यममा गणतन्त्रको पक्ष-विपक्षमा सामग्रीहरू आए । तर सरकारी सञ्चारमाध्यमलाई गणतन्त्रका बारेमा केही नबोल्ने निर्देशन थियो । एक पल्ट *बहस* कार्यक्रममा इन्द्र लोहनीले 'गणतन्त्र' को शब्द मात्र उच्चारण गरेर "नेपालमा त्यो सम्भव छ र ?" मात्र के भनेका थिए, भोलिपल्टै

सञ्चार मन्त्रालयका कामु सचिव प्रभाकर अधिकारीले मलाई (त्यति बेला म महाप्रबन्धक थिएँ) स्पष्टीकरण सोधे । त्यो स्पष्टीकरणमा कारबाही गर्ने धम्कीसमेत थियो । सञ्चारमाध्यममा समाजमा उठेका समसामयिक मुद्दाका विषयमा कुरै उठाउन पनि नहुने हो भने जनताले त्यस्ता माध्यम किन हेर्ने ? यो कुरा सम्झाउने प्रयत्न गरिएको हो तर सकिएन । आज नेपाल एक गणतान्त्रिक मुलुक घोषित भइसकेको छ ।

त्यस्तै नेपाल टेलिभिजनको समाचार मन्त्रीमुखी र भाषण मात्र भयो भन्ने जनगुनासोलाई ध्यानमा राखेर सम्बन्धित मन्त्रीलाई मैले अनुरोध गरेँ :

> मन्त्रीज्यू, समाचारमा बढी भाषण भयो, जनसरोकारका कुरा आएनन्, बढी राजनीति मात्र भयो भन्ने गुनासो छ । दिनहुँ मन्त्रीहरूका गोष्ठी र अन्य कार्यक्रमको समाचारमा दौड्न परेपछि जनताका कुराका समाचार बनाउन भ्याइँदैन । भएका साधन र स्रोत पनि तिनै कार्यक्रममा लाग्छन् । मन्त्रीज्यूले मन्त्रिमण्डलमै कुरा गरेर राष्ट्रिय महत्त्वका गोष्ठी र कार्यक्रम मात्र टिभीले देखाउने भन्ने निर्णय गराइदिनुभएमा हामी आफ्ना साधनलाई जनताका समस्या र राजनीतिबाहेक अन्य आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा प्रयोग गर्न सक्थ्यौं ।

यसो भनेर अनुरोध गर्दा सञ्चारमन्त्रीबाट 'कुरा त ठीकै हो तर मन्त्रीज्यूहरूले यो सुझाव मान्नुहोला र ?' भन्ने जवाफ पाएपछि अरू कुरा गर्नुको केही अर्थ रहेन । हरेक मन्त्री घर जाँदा क्यामेरा टोली पठाउनुपर्ने र स्थानीय स्तरका मन्त्रीका कार्यक्रम मात्र दिइरहँदा एकातिर समाचारको स्तर पनि नहुने र विश्वसनीयता पनि नहुने ठूलो समस्या समाचारमा भोग्नुपर्थ्यो । त्यस बेलाको यो स्थिति अहिले लोकतन्त्र आइसक्दा पनि परिवर्तन भएको छैन । आज पनि नेपाल टेलिभिजनको समाचारमा मन्त्रीहरूकै उही दोहोरिएका भाषण र आश्वासनकै बाहुल्य छ । आफ्नै दलको राजनीतिको प्रचार छ ।

## प्रशासनिक र आर्थिक संरचना

नेपाल टेलिभिजन संस्थानलाई सञ्चालन गर्न सरकारले पाँच जनाको सञ्चालक समिति गठन गर्छ जसमा एक जना अध्यक्ष र चार जना सदस्य हुन्छन् । महाप्रबन्धक सदस्यसचिव हुन्छ । तर अहिले आएर सरकारले नेपाल टेलिभिजनमा पनि अध्यक्ष र महाप्रबन्धकमा राजनीतिक व्यक्तिलाई बाहिरबाटै नियुक्ति गर्न थालेकाले बेग्लै महाप्रबन्धकको व्यवस्था स्थगित छ । २०४६ सालको आन्दोलनपछि संस्थानमा गठन भएका 'युनियन' को पनि प्रतिनिधित्व गराउन थालिएको छ ।

हरेक दलका आफ्नै युनियन स्थापना गर्ने चलनबाट मुक्त थियो नेपाल टेलिभिजन, तर २०६५ सालदेखि समानान्तर अर्को युनियन गठन भएपछि युनियनको भीड जम्मा भएको छ ।

संस्थानको भावी योजना निर्माण गर्ने, नीति बनाउने र संस्थानलाई आफ्नो लक्ष्य र उद्देश्यअनुरूप परिचालन गर्ने काम सञ्चालक समितिको हो । अध्यक्षअन्तर्गत महाप्रबन्धक र महाप्रबन्धकअन्तर्गत तीन जना (इन्जिनियरिङ, समाचार र कार्यक्रम) नायव महाप्रबन्धक हुन्छन् । यी तीन नायब महाप्रबन्धकअन्तर्गत संस्थानका महाशाखा– प्रशासन; कार्यक्रम; एनटिभी टु कार्यक्रम; व्यापार; इन्जिनियरिङ; योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रियसम्बन्ध; समाचार; र अर्थप्रशासन– छन् । यी सबै महाशाखाका कार्यको प्रकृति र आवश्यकताअनुसार अन्य उपशाखाहरू खोलिएका हुन्छन् । एनटिभी टु पनि केन्द्रले नै हेर्ने भएकाले एक जना नायव महाप्रबन्धकअन्तर्गत त्यहाँ प्रमुख र अन्य प्रशासनिक र प्राविधिक कर्मचारी खटाइन्छन् । संस्थानको एउटा दृश्य सङ्ग्रहालय पनि छ । यो कार्यक्रम महाशाखाअन्तर्गत पर्दछ । यसमा सुरुदेखिका कार्यक्रमहरूका टेप सुरक्षित राखिन्छ । संस्थानको ठूलो सम्पत्ति मानिने यो दृश्य सङ्ग्रहालय कार्यक्रम र समाचार शाखाका लागि अत्यन्त आवश्यक शाखा हो ।

नेपाल टेलिभिजनका दैनिक प्रसारणलगायत अन्य कामकारबाही राष्ट्रिय प्रसारण ऐन, २०४९; राष्ट्रिय सञ्चार नीति, २०४९; नेपाल टेलिभिजन आर्थिक प्रशासन नियमावली, २०४५ र नेपाल टेलिभिजन कर्मचारी सेवा सर्त विनियमावली, २०५५ अनुसार सञ्चालित छन् ।

### ***जनशक्ति***

नेपाल टेलिभिजनले पाँच जना कर्मचारीबाट सेवा सुरु गरेको हो । यसको संस्थागत विकासका क्रममा सन् १९८६ देखि ७५ जना कर्मचारी थपिए । सन् १९८८ को अन्त्यसम्म नेपाल टेलिभिजनको जनशक्ति १६४ र सन् १९९० सम्ममा २५० पुग्यो । हाल यो सङ्ख्या ४०० नाघिसकेको छ । टेलिभिजनमा कर्मचारीको नियुक्ति लोकसेवा आयोगद्वारा प्रतिपादित सामान्य सिद्धान्त २०४३ सालकै अनुसरण गरिन्छ । महाप्रबन्धकको अध्यक्षतामा सञ्चार मन्त्रालय, लोकसेवा आयोग, संस्थानकै प्रशासन प्रमुख र एक जना विज्ञ सदस्य रहेको एक पदपूर्ति समिति हुन्छ र त्यही समितिले कर्मचारी लिने निश्चित प्रक्रियाबाट पदपूर्ति गर्छ ।

नेपाल टेलिभिजनको कार्यको प्रकृतिअनुसार इन्जिनियरिङ, समाचार र कार्यक्रम उत्पादन र प्रसारणका लागि बहुसङ्ख्यक प्राविधिक जनशक्ति परिचालन गरिन्छ

भने आर्थिक एवं प्रशासनिक व्यवस्थापनका लागि प्रशासनिक कर्मचारी परिचालन गरिन्छ । प्राविधिक जनशक्तिलाई स्वदेशभित्र र विदेश पठाएर उनीहरूको क्षमता वृद्धि गरिन्छ । नेपालको जनशक्ति विकासमा प्रारम्भदेखि नै वर्ल्डभ्यू इन्टरनेसनल फाउण्डेसन, रेडियो नेदरल्याण्ड ट्रेनिङ सेन्टर, युनेस्को, जाइका, डिडब्ल्यु टिभी जर्मनी, एआइबिडी, आदि रहेका छन् । समाचारवाचन र कार्यक्रम तथा उद्घोषण गर्ने कार्यमा ३० भन्दा बढी कर्मचारी करारमा काम गर्छन् ।

### *आर्थिक पक्ष*

नेपाल टेलिभिजन नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको राष्ट्रिय प्रसारण संस्था हो । आर्थिक वर्ष २०४२/०४३ देखि आर्थिक वर्ष २०६३/०६४ सम्ममा सरकारबाट १ अर्ब ४० करोड ६१ लाख ९९ हजार ६२४ रुपियाँ सेयर लगानीबापत संस्थानलाई प्राप्त भएको छ । सरकारबाट प्राप्त यो रकम विदेशी अनुदानसमेत सेयर लगानी भएकाले संस्थानको टाउकामा ऋणका रूपमा छ । सरकारलाई संस्थानले ब्याज तिर्नु नपर्ने भएकाले समस्या त छैन । यद्यपि जतिसुकै कमाए पनि कागजपत्रमा नाफा देखाउन भने गाह्रो हुन्छ ।

हरेक वर्ष सरकारबाट प्राप्त हुने बजेट प्रसारण विस्तार र सुदृढीकरणमा खर्च हुन्छ । यो निर्माण र विस्तारमा नपुग रकम र सञ्चालन र अन्य खर्च संस्थानले आफैं कमाउनुपर्छ । यसको आम्दानीको स्रोत भनेको विज्ञापन र प्रायोजन नै मुख्य हुन् । संस्थानले गरेको आम्दानी रकमको अध्ययन गर्दा २०४१/०४२ देखि आर्थिक वर्ष २०६१/०६२ सम्म १ अर्ब २६ करोड ६६ लाख ९९ हजार ७०० रुपियाँ देखिन्छ । २०६३/०६४ मा वार्षिक १८ करोड ९० लाख ७८ हजार ८२२ रुपियाँ आर्जन गरेको छ भने अघिल्ला दुई वर्ष २०६१/०६२ मा २२ करोड ७१ लाख ३४ हजार ५९२ रुपियाँ र २०६२/०६३ मा २४ करोड ५६ लाख ७२ हजार ८३१ रुपियाँ आय भएको थियो । नेपाल टेलिभिजनको बजेट अध्ययन गर्दा प्रशासनिकतर्फको खर्च घटाएर कार्यक्रम निर्माण र विस्तारमा बढाउनुपर्ने देखिन्छ ।

### *विज्ञापन*

विज्ञापन टेलिभिजनको मेरुदण्ड हो । नेपाल टेलिभिजन सरकारी सञ्चारमाध्यम भए पनि सुरुदेखि नै आत्मनिर्भरता हासिल गर्दै जाने नीति अवलम्बन गरिएअनुसार यसको राजस्व पनि बढ्दो छ । व्यापारिक कारोबारको वृद्धिका लागि संस्थानले विभिन्न क्रियाकलाप गर्दै आएको छ । विज्ञापन, प्रायोजित कार्यक्रम, विभिन्न प्राविधिक सेवा आदि प्रदान गरी स्थापनाकाल (२०४२ साल) तिर ६ महिनामा

१३ लाख रुपियाँ राजस्व सङ्कलन भएकोमा २०६३/०६४ मा १८ करोड ९० लाख ७८ हजार ८२२ रुपियाँ राजस्व सङ्कलन गरेको छ । २०६१/०६२ मा २२ करोड ७१ लाख ३४ हजार ५९२ रुपियाँ राजस्व सङ्कलन भएको थियो । नेपाल टेलिभिजनको आय सङ्कलनमा विभिन्न क्षेत्रबाट सहयोग भएको छ । सरकारी, गैरसरकारी, निजी उद्योग-व्यवसायको विज्ञापन/सूचना प्रसारण तथा कार्यक्रम निर्माणहरू यस संस्थानका मुख्य स्रोत हुन् । सरकारी निकायमा पर्यटन मन्त्रालय, स्वास्थ्य मन्त्रालय, जनसङ्ख्या तथा वातावरण मन्त्रालय, कृषि मन्त्रालयबाट प्राप्त साप्ताहिक, पाक्षिक तथा दैनिक कार्यक्रम, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्था युनिसेफ, वाईए टिभी, नेपाल वातावरण पत्रकार समूह, आदिबाट प्राप्त साप्ताहिक कार्यक्रमहरू प्रसारण भई व्यापार वृद्धिमा निरन्तरता आएको थियो । निजी क्षेत्रलाई पनि टेलिभिजन कार्यक्रम निर्माण र सञ्चालनमा संलग्न गराउँदै जाने तत्कालीन सरकारको नीति थियो । तसर्थ निजी क्षेत्रबाट पनि कार्यक्रम उत्पादन र प्रायोजन गर्ने प्रचलन बढ्यो । यसमार्फत टेलिभिजनलाई आय आर्जन गर्न सजिलो भएको छ। नेपाल टेलिभिजनको दायित्वमा पर्ने समाचार/समाचारमूलक/शैक्षिक तथा सूचनामूलक कार्यक्रमको निर्माणमा ध्यान पुऱ्याउन यसबाट निकै मद्दत पुगेको छ ।

नेपाल टेलिभिजनको आफ्नो प्रसारण समयको बिक्री पनि आम्दानीको मुख्य स्रोत हुन गएको छ । साङ्ग्रिला च्यानल र ईमेज च्यानलजस्ता निजी कार्यक्रम उत्पादन संस्थालाई प्रसारण समय बिक्री गरी विभिन्न कार्यक्रमहरू प्रसारण गरेबाट पनि संस्थानलाई सन्तोषजनक आय प्राप्त भएको थियो ।

निजी क्षेत्रको विज्ञापन प्रसारण संस्थानको आम्दानीको मुख्य स्रोत हुन गएको छ। नेपाल टेलिभिजनमा वार्षिक रूपमा करिब ७५ प्रतिशतभन्दा बढी आय सङ्कलनमा करिब १०० भन्दा बढी विज्ञापन एजेन्सीहरूको सहयोग छ। नेपाल टेलिभिजन र विज्ञापन एजेन्सीको आपसी सहयोगलाई अझ बढी सबल र आकर्षित गराई विशेष विज्ञापन नीतिलाई समयसापेक्ष बनाई व्यापार प्रवर्द्धन तथा विस्तार गर्नु अहिलेको आवश्यकता हो। नेपाल विज्ञापन सङ्घका अध्यक्ष निर्मलराज पौडेलको भनाइअनुसार नेपालमा जस्तोसुकै राजनीतिक अवस्था भए पनि अन्य व्यवसायको तुलनामा विज्ञापन बजार खासै प्रभावित भएको देखिँदैन ।

विगतका वर्षहरूमा यस व्यवसायले एकाधिकार प्राप्त गरेको थियो । तर यो अवस्थामा परिवर्तन आएको छ । संस्थानले आफ्नो व्यापार नीति र कार्यक्रमहरूमा केही परिवर्तन गरी प्रवर्द्धन कार्यका लागि सोहीअनुसार दक्ष जनशक्तिको

विकास/प्रसारण गरिने कार्यक्रमहरूलाई व्यावसायिक तथा दर्शकमुखी बनाउने तथा संस्थानका सबै निकायलाई पनि उत्तिकै प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

सुरुका दिनमा १/२ मिनेट विज्ञापन प्रसारण हुने गरेकोमा हाल आएर विज्ञापनको चाप दिनानुदिन बढिरहेको छ । प्रायोजित कार्यक्रम अगाडि, बीचमा र समाचारको बीचमा प्रसारण हुने विज्ञापनको सङ्ख्यामा वृद्धि भएको छ जसमा एजेन्सीबाट प्रायोजित गरिएको कार्यक्रममा प्राप्त निःशुल्क विज्ञापन छ भने केही फुटकर विज्ञापनका रूपमा एजेन्सी र विज्ञापनदाताहरूबाट प्राप्त हुन्छ । संस्थानको स्थापनाकालमा केही विदेशी विज्ञापनको बाहुल्य थियो र विदेशमै निर्माण हुने गर्थ्यो । हाल आएर स्वदेशी र स्वदेशमै स्तरीय विज्ञापन निर्माण तथा प्रसारण हुने गरेको छ । टेलिभिजन प्रसारणको विकासमा भएको द्रुत प्रगतिमा स्वदेशी विज्ञापन निर्माणमा पनि सकारात्मक लक्षण देखिए पनि भारतबाट प्राप्त केही विज्ञापनको डबिङमा भने अझै भाषागत सुधारको आवश्यकता देखिन्छ । यसका लागि स्वदेशमै विज्ञापन निर्माणमा सहुलियत तथा सरकार/विज्ञापन एजेन्सी सङ्घ र टेलिभिजनको आपसी समन्वय र केही नीतिगत सहमतिको आवश्यकता देखिन्छ ।

विज्ञापन व्यवसायसँग सम्बन्धित स्रोतका अनुसार हाल नेपालको बजारमा वार्षिक २ अर्ब १४ करोड बराबरको विज्ञापन व्यवसायको कारोबार हुने गरेकोमा करिब १३ प्रतिशत सरकारी विज्ञापन रहेको छ भने बाँकी ८७ प्रतिशत निजी क्षेत्रबाट गरिने विज्ञापन रहेको छ । विज्ञापनको बजारमध्ये पत्रपत्रिकाले ४० प्रतिशत, रेडियोले १० प्रतिशत, टेलिभिजनले २० प्रतिशत र होर्डिङ बोर्ड, पर्चा, पोस्टर आदि बाह्यले २५ प्रतिशत तथा विज्ञापन उत्पादनले ५ प्रतिशत क्षेत्र ओगटेको छ । कुल विज्ञापनमध्ये करिब ८५ प्रतिशत विज्ञापन एजेन्सीमार्फत प्रचार हुन्छ भने करिब १५ प्रतिशत विज्ञापन सोझै प्रसारण हुने गरेका छन् ।

नेपाल टेलिभिजनबाट लागू औषध, सुर्ती, चुरोट र मदिराको विज्ञापन प्रसारण हुँदैन । नेपाल टेलिभिजनले विज्ञापन प्रसारणको वर्गीकरण गरेर त्यहीअनुसारको शुल्क तोकेको 'रेट कार्ड' प्रचलनमा ल्याएको छ जसअनुसार त्यो वर्गीकरणमा स्पेसल इभेन्ट्स/कार्यक्रम, सुपर प्राइम टाइम, प्राइम टाइम, फिक्स्ड टाइम, साधारण टाइम, डे टाइम र वर्गीकृत विज्ञापन टाइम छन् । हाम्रो समाज उपभोक्ता समाज थिएन । विज्ञापन हेरेर सामान किन्ने चलन थिएन । तर अहिले टेलिभिजन विज्ञापनकै कारण दुर्गम गाउँमा समेत विज्ञापन हेरेर सामान किन्ने चलन सुरु भएको छ । यसले हाम्रो जीवनशैलीमै परिवर्तन ल्याइदिएको छ । अब हाम्रा गाउँघरमा प्रयोग हुने च्युरा र भुटेको मकै-भटमासको खाजालाई

वाई-वाई र अन्य चाउचाउले विस्थापित गरिसकेका छन् । यो सबै टेलिभिजन विज्ञापनकै कमाल हो ।

नेपाली टेलिभिजनको बजार सीमित हुनु र नेपाल टेलिभिजनले एक्लै खाइरहेको 'विज्ञापनको केक' को आकार बढ्न नसक्नु यो व्यवसायको समस्या हो । सुरुमा एक्लै सबै रकम कुम्ल्याउने नेपाल टेलिभिजनका प्रतिस्पर्धी कान्तिपुर टेलिभिजन, च्यानल नेपाल, ईमेज, सगरमाथा, एभिन्यूज, एबिसीजस्ता नयाँ च्यानललाई पनि बाँड्नुपरेकाले नेपाल टेलिभिजनको विज्ञापन घट्न जानु स्वाभाविकै हो ।

## *एनटिभी टु*

टेलिभिजन प्रसारणलाई अझ व्यापक र विस्तार गर्न दोस्रो च्यानलको आवश्यकता महसुस भयो । नेपालमा सरकारले निजी क्षेत्रमा पनि टेलिभिजन प्रसारणको अनुमति दिनुअघि नेपाल टेलिभिजन मात्र हुँदा टेलिभिजन कार्यक्रमहरूको माग बढ्न थाल्यो । नेपाल टेलिभिजन सरकारी सञ्चारमाध्यम पनि भएकाले यसको दोहोरो दायित्व थियो । सरकारका नीति र कार्यक्रम जनसमक्ष पुऱ्याएर सार्वजनिक प्रसारण संस्थाका रूपमा पनि काम गर्नुपर्थ्यो भने व्यापारिक रूपमा आय-आर्जनका मनोरञ्जनात्मक कार्यक्रम पनि तयार गरेर प्रसारण गर्नुपर्थ्यो । सरकारको यो दोहोरो नीतिका कारण एउटै च्यानल पर्याप्त भएन र नयाँ च्यानलको अवधारणा ल्याइएको हो । नेपाल टेलिभिजनलाई राष्ट्रिय च्यानलका रूपमा र एनटिभी टुलाई व्यापारिक र मनोरञ्जनात्मक च्यानलका रूपमा विकसित गरी यसबाट कमाएर राष्ट्रिय च्यानललाई भरथेग गर्ने धारणा थियो, तर अहिले (२०६५ सम्म) यो धारणा उल्टो भएको छ । राष्ट्रिय च्यानलले नै यसलाई धान्नुपर्ने अवस्था छ ।

एनटिभी टुका लागि मित्रराष्ट्र चीनबाट करिब ५३ करोड रुपियाँको अनुदानमा सिंहदरबारभित्रै नेपाल टेलिभिजनको परिसरमै एउटा अत्याधुनिक स्टुडियो भवन निर्माण भयो । यस भवनमा दुई ओटा स्टुडियो, नियन्त्रण कक्ष, दृश्यसम्पादन कक्षलगायत डबिङ सुविधासमेत प्राप्त छ । नेपाल टेलिभिजनलाई कुनै पनि विदेशी राष्ट्रबाट यति ठूलो सहयोग प्राप्त भएको यो पहिलो पटक हो भने चीनले नेपालको सञ्चार क्षेत्रमा यति उदार सहयोग पुऱ्याएको पनि यो पहिलो पटक हो । त्यसैले यसको ऐतिहासिक महत्त्व छ । नेपालमै पहिलो यस किसिमको स्टुडियो भवनको निर्माणबाट कार्यक्रम उत्पादन र प्रसारणमा धेरै सजिलो भएको छ । ७२ मिटर उचाइको टावरसहितको ५ किलोवाटको ट्रान्समिटरबाट युएचएफ ब्यान्डमा प्रसारण गरिने यसका कार्यक्रम पनि भू-उपग्रहबाटै प्रसारण गरिँदै छ । २०६० असोज १० देखि दैनिक डेढ घण्टाको कार्यक्रमबाट सुरु भएको यसको

प्रसारण बढेर साढे बाह्र घण्टा पुगिसकेको छ । यसमा पनि नेपाल टेलिभिजनकै जस्ता मिश्रित प्रकृतिका (सूचना, शिक्षा र मनोरञ्जनात्मक) कार्यक्रमहरू छन् ।

## प्राविधिक पक्ष

प्रसारण सुरु गर्दा प्राविधिक दृष्टिले नेपाल टेलिभिजन शून्यको अवस्थामा थियो । टेलिभिजन प्रसारणका लागि अयोग्य मानिने भिएचएस डेकबाट क्यासेट चलाएर प्रसारण सुरु गर्दा त्यसले सानो क्षेत्र मात्र ओगट्न सक्थ्यो । प्रारम्भमा अमेरिकाबाट १०० वाटको प्रसारण उपकरण (ट्रान्समिटर) झिकाएर त्यसलाई चार च्यानलमा परिणत गरियो र सिंहदरबारमा जडान गरी त्यसैबाट प्रसारण गरियो । सिंहदरबारको माथिल्लो तलामा दुई-तीन ओटा कोठालाई भत्काएर एउटा सानो स्टुडियो बनाइयो । यो स्टुडियोमा लो-ब्यान्ड र भिएचएस उपकरण राखियो । त्यसपछि क्रमशः फूलचोकी डाँडामा ट्रान्समिटर जडान गर्नेदेखि 'युम्याटिक' र 'हाई-ब्यान्ड' प्रयोग गर्न थालियो । यसपछि क्रमशः फूलचोकीमा एक किलोवाटको ट्रान्समिटर जडान गर्ने माइक्रोवेभ लिङ्क राख्ने र बाह्य कार्यक्रम प्रत्यक्ष प्रसारणका लागि आउटसाइड ब्रोडकास्टिङ भ्यान (ओबी भ्यान) झिकाउने काम भयो । त्यससँगै अन्य उपकरणहरू पनि थपिए । यी सबै काम भएपछि सन् १९८७ मा काठमाडौँमा आयोजना भएको सार्कको तेस्रो शिखर सम्मेलनको प्रत्यक्ष प्रसारण गर्न सम्भव भयो ।

नेपालको भौगोलिक बनोट नै टेलिभिजन प्रसारणका लागि प्राविधिक दृष्टिले कठिन छ । पहाडैपहाडको मुलुक भएकाले टेलिभिजनको सोझो रेखामा हिँड्ने 'सिग्नल' लाई देशभरि फैलाउने काम त्यस बेला एउटा ठूलो चुनौती थियो । त्यसका लागि विभिन्न भागमा 'रिले केन्द्र' हरूको स्थापना गर्नुपर्थ्यो । एउटा 'रिले केन्द्र' स्थापना गर्न करिब रु. १ करोड लाग्थ्यो । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जनताका घरमा नेपाल टेलिभिजनको प्रसारण पुऱ्याउन धेरै स-साना प्रसारण केन्द्र (रिले केन्द्र) स्थापना गर्नुपर्थ्यो जसका लागि करोडौँ खर्च लाग्थ्यो । यसको सरल विकल्प भू-उपग्रह प्रणालीबाट प्रसारण गर्नु नै हुन्थ्यो । तर तत्कालीन सरकारले भू-उपग्रह प्रणालीमा जाने कुनै सोच राखेन ।

त्यसपछि नेपाल टेलिभिजनले विराटनगर र पोखरामा पनि प्रसारण सुरु गऱ्यो जसका लागि अरू बढी उपकरण आवश्यक भयो । त्यस कार्यका लागि काठमाडौँ-विराटनगर र काठमाडौँ-पोखरालाई 'माइक्रोवेभ लिङ्क' बाट जोड्नुपर्थ्यो ।

त्यसपछि फूलचोकी, हेटौँडा, भेडेटार, इलाम, कोहलपुर, दाङ गर्दै क्रमशः रिले केन्द्र खोल्ने योजना बनेको हो । सिंहदरबारभित्र सरकारले जग्गा उपलब्ध

गराएपछि दुई ओटा आधुनिक स्टुडियो भवन निर्माण भयो । एउटा स्टुडियोलाई उत्पादन स्टुडियोका रूपमा र अर्कोलाई प्रसारण स्टुडियोका रूपमा प्रयोग गरियो । त्यस बेला बजेटको अभावमा नेपाल टेलिभिजनले चाहेजति उपकरण किन्न सकेको थिएन । तत्कालीन सरकारले वर्षको ३/४ करोड रुपियाँ उपलब्ध गराउँथ्यो जसबाट दैनिक प्रशासनसमेत चलाएर प्रसारण विस्तार गर्नु भनेको निकै अप्ठ्यारो काम थियो । २०६४ सालसम्ममा आइपुग्दा नेपाल टेलिभिजनले मूर्तिडाँडा (इलाम), तेह्रथुम, नाम्जे (धनकुटा), जलेश्वर, हेटौँडा, ककनी, फूलचोकी, सिंहदरबार, गोरखा, सराङकोट (पोखरा), पाल्पा, दाउन्ने (नवलपरासी), गुल्मी, दाङ, जुम्ला, चमेरे (सुर्खेत), डोटी, बूढीतोला (कैलाली) मा रिले केन्द्र स्थापना गरेर आफ्नो प्रसारणलाई राष्ट्रव्यापी बनाएको छ ।

नेपाल टेलिभिजनको प्रसारणलाई भू-उपग्रहसँग आबद्ध गर्ने चर्चा र बहस झण्डै दस वर्ष पहिलेदेखि नै विभिन्न निकायमाझ चल्दै आएको हो । नेपालजस्तो भौगोलिक बनोट भएको मुलुकमा भू-सतही टेलिभिजन प्रसारण अत्यन्त कठिन हुन्छ । अग्ला-होचा अनगिन्ती पहाडी शृङ्खला विद्यमान भएबाट देशव्यापी टेलिभिजन प्रसारणमा थप प्राविधिक जटिलता उत्पन्न हुनु स्वाभाविकै हो । यसैले २०५८ असारसम्म मुख्य रूपमा मुलुकको केही पहाडी र धेरैजसो समथर इलाकामा मात्र नेपाल टेलिभिजनको पहुँच सम्भव भएको थियो । विकट पहाडी क्षेत्रका पिछडिएका जनतासमक्ष शिक्षा, समाचार र विकासमूलक सन्देशहरू टेलिभिजनको माध्यमबाट यथासम्भव छिटो पुऱ्याउनुपर्ने आवश्यकता एकातिर थियो भने नेपाल टेलिभिजनका विद्यमान थुप्रै प्रसारण केन्द्रहरूलाई गुणस्तरीय 'सिग्नल' उपलब्ध गराउनुपर्ने अपरिहार्यतासमेत त्यति नै थियो । यति मात्र होइन, नेपालको सीमाबाहिर रहेका अनगिन्ती नेपालीको नेपाल टेलिभिजन हेर्ने चाहनालाई समेत पूरा गर्न सकिएको थियो । यसभन्दा पनि महत्त्वपूर्ण तथ्य के छ भने छ्यासछ्यास्ती उपलब्ध विदेशी च्यानलले गरेका सांस्कृतिक अतिक्रमण तथा हाम्रो देश, हाम्रो राष्ट्रियता तथा हाम्रा जनताप्रति बारम्बार गरिने नकारात्मक टिप्पणी र प्रेषित भ्रामक समाचारहरूको समेत नेपाल टेलिभिजनको सीमित पहुँचका कारण प्रभावकारी रूपमा खण्डन गर्न सकिएको थिएन । यसैले सम्पूर्ण समस्याहरूको मूल समाधान प्रसारणलाई भू-उपग्रहसँग आबद्ध गराए मात्र सम्भव हुने तथ्यलाई मनन गरी नेपाल टेलिभिजनले आफ्नो प्रसारणलाई भू-उपग्रहसँग आबद्ध गरेको हो ।

भू-उपग्रहले टेलिभिजन प्रसारणमा दूरगामी महत्त्वका थुप्रै सकारात्मक अवधारणाहरू अघि सारेको छ । त्यस बेला इन्डियन एयरलाइन्सको विमानलाई

काठमाडौँबाट अपहरण गरिएको घटनामा भारतको जी टिभीले एक नेपालीको नामसमेत जोडेर गलत समाचार प्रवाह गरेपछि नेपाली अधिकारीहरू भू-उपग्रहमा जान तम्सिएका हुन् । नेपाल टेलिभिजनका अगाडि सबैभन्दा छिटो र सरल अनि कम खर्चमा भू-उपग्रह प्रणालीमा आबद्ध गर्न काठमाडौँको बलम्बूस्थित नेपाल दूरसञ्चार संस्थानको 'अर्थ स्टेसन' प्रयोग गरी दूरसञ्चारले नै उपयोग गरेको भू-उपग्रह 'इन्टेलस्याट' प्रयोग गर्न सकिने अवस्था थियो । त्यसका लागि केही उपकरणको आवश्यकता मात्र हुन्थ्यो । सरकारले त्यस बेलाको परिस्थिति र आवश्यकतालाई महसुस गरी यही कुरालाई स्वीकृति दियो । फलस्वरूप २०५८ असार २० देखि भू-उपग्रह (इन्टेलस्याट) मार्फत प्रसारण आरम्भ गरेर नेपाल टेलिभिजनले एउटा अर्को कोसेढुङ्गा स्थापना गऱ्यो ।

तर यो भू-उपग्रह दूरसञ्चारलाई बढी ध्यानमा राखेर स्थापना गरिएकाले प्रसारणका लागि त्यति उपयुक्त थिएन । केही प्राविधिक कारणले यसले दक्षिण एसियालाई पूर्ण रूपमा समेट्न पनि सक्दैनथ्यो । अर्को अप्ठ्यारो यो भू-उपग्रहका लागि कमसेकम पाँच मिटरको ठूलो एन्टेना आवश्यक हुन्थ्यो जुन धेरै नेपालीको पहुँचभित्र पर्न सक्दैनथ्यो । यो कठिनाइलाई मनन गरेर नेपाल टेलिभिजनले नेपालमा र विदेशमा समेत नेपाल टेलिभिजनको प्रसारणलाई सरल रूपमा पुऱ्याउन व्यापारिक भू-उपग्रहको खोजी गर्न थाल्यो । ग्लोबल टेन्डर प्रकाशित गर्दा थाइल्यान्डको 'थाइकम' भू-उपग्रह नेपाल टेलिभिजनको आवश्यकताअनुरूप र कम खर्चमा पाइयो ।

नेपाल टेलिभिजनले पश्चिम नेपालमा प्रसारण पुऱ्याउन बाँकेको कोहलपुरमा एउटा क्षेत्रीय प्रसारण केन्द्रसमेत स्थापना गरेर नयाँ जमर्को गरेको हो, तर विभिन्न कारणले यो केन्द्र भने सोचेजसरी चल्न सकेन । २०६२ सालमा माओवादी जनयुद्धताका त्यो केन्द्रमा आगो लगाइएपछि त्यसलाई पुनः सञ्चालनमा समेत ल्याउन सकिएको छैन । सुरुमा नेपालका पाँचै विकास क्षेत्रमा यस्ता क्षेत्रीय प्रसारण केन्द्र खोल्ने योजना थियो, तर पहिलो योजना नै असफल भएपछि अरूतिर खोल्ने काम अघि बढ्न सकेन ।

टेलिभिजन प्रविधिमा बर्सेनि द्रुततर विकास र परिवर्तन भइरहेको छ । भिएचएस र युम्याटिक एनालग फर्म्याटबाट सुरु भएको केही वर्षपछि नै डिजिटल प्रविधिले यसको कार्यक्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्यायो । १९/२० किलोग्राम वजनका क्यामेरा र रेकर्डर काँधमा बोकेर दौडिनुपर्ने समय अब फेरिइसकेको छ । हल्का एउटै क्यामेरा अब छायाङ्कन गर्न पर्याप्त हुन्छ । खर्च समेत धेरै कम लाग्ने भएको छ ।

नेपाल टेलिभिजन पनि यो विकासको क्रमबाट अछूतो रहन सक्दैन । यसले पनि क्रमशः आफ्नो पुरानो प्रणाली एनालगलाई डिजिटल प्रविधिमा परिवर्तन गर्दै आएको छ । नेपाल टेलिभिजनसँग अहिले डिजिटल स्याटलाइट न्यूज ग्यादरिङ (डिएसएनजी) उपकरण पनि छ जसलाई प्रयोग गरेर अधिराज्यको कुनै पनि स्थानबाट भू-उपग्रहमार्फत कुनै पनि घटना वा समारोहको प्रत्यक्ष प्रसारण गर्न सकिन्छ । आजको प्रसारण संसार प्रतिस्पर्धी छ । विभिन्न घटनालाई कसले पहिले र प्रत्यक्ष रूपमा प्रसारण गर्न सक्छ भन्ने एकअर्कामा चर्को प्रतिस्पर्धा हुन्छ । टेलिभिजनमा ब्रेकिङ न्यूज, खेलकुद, प्राकृतिक घटना, उच्च तहका व्यक्तिहरूको ग्रामीण बस्ती या नगरमा हुने भ्रमण र मानवीय अभिरुचिजस्ता घटनालाई तत्काल प्रसारण गर्ने यो उपकरणले व्यावसायिक रूपमा संस्थालाई अगाडि बढाउन ठूलो मद्दत गरेको छ ।

नेपाल टेलिभिजन प्रसारणका क्षेत्रमा अग्रणी संस्था मात्र नभएर यसले समेटेको जनसङ्ख्या तथा भौगोलिक क्षेत्र वर्तमान स्थितिमा सबैखाले मापदण्डको लेखाजोखा गर्दा देशको सबैभन्दा ठूलो प्रसारण संस्था भन्दा अत्युक्ति हुँदैन । नेपाल टेलिभिजनको इन्जिनियरिङ महाशाखाका निर्देशक दीपकमणि धिताल (२०६०) का अनुसार नेपाल टेलिभिजनको प्राविधिक पक्ष अन्य स्वदेशी च्यानलको तुलनामा बढी सुदृढ छ । यहाँ लामो समयदेखि विशिष्ट अनुभव सँगालेका दक्ष प्राविधिकहरू छन् । उनीहरूले विदेशबाट समेत तालिम लिएर आफ्नो दक्षता र क्षमता वृद्धि गरेका छन् । यो दक्ष जनशक्ति संस्थानको ठूलो सम्पत्ति पनि हो ।

## निचोड

२४ वर्षको यस अवधिमा नेपाल टेलिभिजनले नयाँ-नयाँ हाँक र चुनौती झेल्दै आए पनि आफ्नो गतिशीलतालाई वेगवान बनाउन भने कम्मर कसेकै देखिन्छ । यसका लागि दर्शकहरूको माया तथा शुभेच्छा, विज्ञापनदाता तथा निर्माताहरूको सहयोग र सम्पूर्ण कर्मचारीहरूको प्रतिबद्धताले अत्यन्त ठूलो भूमिका निर्वाह गरेको छ ।

नेपाल टेलिभिजनले विदेशी च्यानलका बीच पनि आफ्नो मौलिकता कायम राख्दै आएको छ । कतिपयले विदेशी च्यानलमा प्रसारित नेपाली समाजलाई नसुहाउने कार्यक्रमलाई सांस्कृतिक अतिक्रमणको संज्ञा पनि दिएका छन् । यस प्रसङ्गमा विद्युतीय सञ्चारमाध्यमले नेपाली समाजमा पारेको प्रभावबारे एउटा ठूलै विश्लेषणको खाँचो छ र भविष्यमा कस्तो प्रसारणलाई प्राथमिकता दिने भन्ने

कुरा निर्धारण हुनु पनि जरुरी छ । नेपाल टेलिभिजनलाई जिम्मेवार, विश्वसनीय, सुपाच्य र ज्ञानवर्धक बनाउनेतर्फ सधैँ प्रयास गर्नु जरुरी छ ।

नेपाल टेलिभिजनको प्रस्तुतिशैली, गुणस्तरीयता र निर्बाध स्वतन्त्रताबारे पनि बेला-बखत जनस्तरबाट मात्र होइन, सरकारी स्तरबाट पनि प्रश्न उठाइने गरेको पाइन्छ । नेपाल टेलिभिजनको साधनसम्पन्नता, व्यावसायिक दक्षताको वृद्धि र स्वायत्तताको परिमाणमा नै यी कुरा निर्भर छन् । दर्शकसामु नेपाल टेलिभिजनका बाध्यता प्रस्ट नभएका हुन सक्छन्, तर यसको आन्तरिक मर्म के हो र किन यो बेला-बखत टाक्सिएजस्तो देखिन्छ भन्ने कुरा सरकारले राम्रोसँग बुझेको छ । तसर्थ टेलिभिजन प्रसारणको मैदानमा ठूलो पुँजीको लगानीमा समर्थ र स्वायत्त संस्थाहरूको प्रवेश जसरी बढ्दै गएको छ त्यसैअनुरूप नेपाल टेलिभिजनलाई पनि समर्थ बनाउन विशेष र छुट्टै पहलको खाँचो भइसकेको छ ।

नेपाल टेलिभिजनको आम्दानीले पनि यसको प्रसारण स्तर र स्फूर्तिमा ताजापन ल्याउँछ । तर जति आम्दानी फुक्दै जानुपर्ने हो त्यो नभई खुम्चिँदै जाने स्थिति छ । व्यापारिक तथा औद्योगिक गतिविधिबाट जति विज्ञापन रकम उठ्नुपर्ने हो त्यो उठ्न सक्ने स्थिति छैन । यसमाथिको सरकारको लगानी एकातिर पर्याप्त छैन भने जे-जति लगानी भएको छ त्यो पनि सेयर लगानी भएकाले नेपाल टेलिभिजन ऋणमा डुबेको छ र नाफा कमाउन धेरै वर्ष प्रतीक्षा गर्नुपर्ने स्थिति छ । जति स्रोत अहिले प्राप्त छ त्यसबाट नयाँ पूर्वाधार विकास गर्न पुग्दैन, प्रशासनिक तथा कार्यक्रम निर्माणको लागत पनि उत्तिकै खर्चिलो हुँदै गइरहेको छ । कर्मचारीहरूमा आवश्यकता र महत्त्वाकाङ्क्षा दिन प्रतिदिन बढ्दो छ । कर्मचारीका सबै चाहना पुऱ्याउन नसके पनि सक्दो भरथेग गर्ने प्रयत्न गर्नुपर्ने स्थिति छ । यस्तो आर्थिक परिस्थितिमा सक्षम, आत्मनिर्भर र सबैको प्रिय संस्थाका रूपमा नेपाल टेलिभिजनलाई कसरी उभ्याउने ? यो पनि एउटा जटिल र चुनौतीपूर्ण प्रश्न हो । यसका लागि केही व्यावसायिक, व्यापारमूलक र आम्दानीजन्य नगदे कार्यक्रमको विकास गर्न उचित होला । यसरी नयाँ अवधारणा अपनाउँदा हाम्रो राष्ट्रिय दायित्व, सरकारप्रतिको उत्तरदायित्व र संस्थाको सैद्धान्तिक संरचनामा सम्झौता किमार्थ हुन नदिनेतर्फ पनि उत्तिकै ध्यान दिनु जरुरी छ ।

नेपालको राष्ट्रिय एकता, सार्वभौमिक अखण्डता, सामाजिक सद्भाव र विविध सामाजिक संस्कृतिको संवर्द्धन तथा उदार र खुला वातावरणमा प्रजातान्त्रिक संस्कारको निर्माणमा नेपाल टेलिभिजनले आफ्ना विभिन्न कार्यक्रममार्फत महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यसलाई समाजका प्रत्येक वर्ग र जीवनको प्रतिनिधिमूलक संस्थाका रूपमा अझ विकास गर्न जरुरी छ । एक क्षेत्रका

जनताको जीवनबारे अर्को क्षेत्रका जनतामा परिचय र अन्तर्क्रिया गराई एकात्मक भाव निर्माण गर्न विशेष शैक्षिक, सामाजिक, सूचनामूलक र सांस्कृतिक कार्यक्रम प्रवर्द्धनतर्फ प्राथमिकता दिने सोच पनि राखिनुपर्दछ। यसबाट राष्ट्रभित्र मात्र परिचय र सद्भावको विकास नभई अन्तर्राष्ट्रिय क्षेत्रमा समेत हाम्रो राष्ट्रिय पहिचानको आधार यही नै हुनेछ।

नेपाल टेलिभिजनलाई एउटा स्वतन्त्र र स्वायत्त संस्था बनाउनुपर्ने आवाज धेरै पहिलेदेखि नै उठिरहेको हो। सरकारकै नियन्त्रणमा रहने हो भने यसले व्यावसायिक विकास गर्न सक्दैन र आजको व्यावसायिक प्रतिस्पर्धामा सफलतासाथ उत्रन पनि सम्भव छैन। हो, हाम्रोजस्तो देशमा सरकारले खास गरी अशिक्षित र पिछडिएका जनताका लागि यस माध्यमलाई सञ्चालन गर्नुपर्ने आवश्यकता छ नै। त्यसो भएमा यसलाई राष्ट्रिय सार्वजनिक प्रसारण संस्थान बनाई एउटा सरकारी विभागका रूपमा सञ्चालन गर्नुपर्छ र खर्च पनि छुट्टयाउनुपर्छ। सरकारी सञ्चारमाध्यम पनि भन्ने र बजेट पनि अपर्याप्त दिने, सबै अधिकार मन्त्रालयमा हुने अनि व्यापारबाट कमाएर खाऊ पनि भन्ने हो भने यस्ता संस्था आजको प्रतिस्पर्धात्मक संसारमा दह्रो गरी उभिन सक्दैनन्। यसअघिका सरकारले त यस कुरालाई महत्त्व दिएनन् तर अब त लोकतान्त्रिक सरकार आएको छ, यसले त यसतर्फ अवश्यै ध्यान दिनेछ भन्ने आशा गरौँ।

## सन्दर्भ सामग्री

आचार्य, राजेन्द्रदेव। २०६१। टेलिभिजन समाचार बुलेटिनका आधारभूत पक्ष। *टेलिपत्रिका* १(२) : १२-१८।

धिताल, दीपकमणि। २०६०। नेपाल टेलिभिजन : मेची-महाकाली अनि सात समुद्रपारि। *टेलिपत्रिका* १(१) : १०-१२।

पोखरेल, गोकुल। २०६१। सूचना प्रवाहको प्रतिस्पर्धामा नेपाल टेलिभिजन। *टेलिपत्रिका* १(२) : ७-११।

शर्मा, दुर्गानाथ। २०५४। टेलिभिजन प्रसारणको विकास र नेपाल टेलिभिजन। *प्रसारण पत्रकारिता : हाते किताब*। दुर्गानाथ शर्मा, सं., पृ. २२-३३। काठमाडौँ : नेपाल प्रेस इन्स्टिच्यूट।

श्रेष्ठ, प्रदीप। २०४४। *नेपाल टेलिभिजन पत्र-पत्रिकाको दृष्टिमा*। काठमाडौँ : नेपाल टेलिभिजन।